# अनलाइन यौन दुर्व्यवहार र शोषणबाट बालबालिकालाई सुरक्षित राखौं ।




अनलाइन बालयौन दुर्व्यवहार र शोषणमा परेका वा पर्न लागेका बालबालिकाको सुरक्षा र संरक्षणका लागि

**नेपाल प्रहरी साईबर ब्यूरो- ९८५१२८६७७०**

**बालबालिका खोजतलास समन्वय केन्द्र- १०४**

**प्रहरी हटलाईन- १०० र नजिकको प्रहरी कार्यालय**

**बाल हेल्पलाईन नम्बर- १०९८**

VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation DEUTSCHE ZUSAMMENARBEIT

## भ्वाईस अफ चिल्ड्रेन

भ्वाईस अफ चिल्ड्रेन बि. सं. २०५७ सालमा स्थापना भएको गैरसरकारी संस्था हो । यसले परिवारबाट विछोड भएका सडक, यौन दुर्व्यवहार तथा जोखिममा रहेका बालबालिकालाई उद्दार, संरक्षण र पारिवारिक तथा सामाजिक पुनर्मिलन गर्ने कार्य गरिरहेको छ । यसका साथै जोखिम अवस्थामा रहेका बालबालिका तथा परिवारहरूलाई स्वास्थ्य, शिक्षा, आर्थिक, मनोसामाजिक र कानुनी परामर्शबाट उनीहरूको शसक्तिकरण गर्ने, बालअधिकार र संरक्षणको प्रवर्द्धन गर्ने तथा बालसंरक्षणका सरकारी संरचनाहरूको सबलिकरण गर्न सहयोग गर्ने कार्यहरू गर्दै आएको छ ।





## अनलाइन बालयौन दुर्व्यवहार

सामाजिक सञ्जालहरू- फेसबुक, म्यासेन्जर, टिकटक, युट्युब, भाइबर, ट्वीटर, ह्वाट्स्एप, ईमो, ईन्स्टाग्राम, टेलिग्राम आदि प्रयोग गरी बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, नैतिक, सामाजिक विकासमा नकारात्मक असर पर्ने क्रियाकलापहरू अनलाइनबाट हुने दुर्व्यवहार हो । बालबालिका अनलाइनको माध्यमबाट सबैभन्दा बढी यौन दुर्व्यवहार र शोषणमा पर्ने गरेका छन् । वयष्क व्यक्तिहरूले आफ्नो यौन चाहना पुरा गर्न, पैसा वा अन्य लाभ लिन र बदलाको भावना लिई बालबालिकालाई यौन दुर्व्यवहार र शोषण गर्दछन् । ठुला व्यक्तिको नक्कल तथा उनीहरूबाट परिचालित भएर बालबालिका स्वयंले आफ्ना साथीहरूलाई पनि अनलाइनबाट दुर्व्यवहार र शोषण गर्दछन् ।

**संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको डिजिटल वातावरणको सम्बन्धमा बालबालिकाको अधिकारसम्बन्धी सामान्य टिप्पणी नं. २५ (२०२१) अनुसार**

**डिजिटल वातावरणमा प्रत्येक बालबालिकाको अधिकारको सम्मान र संरक्षण हुनुपर्दछ । प्रत्येक देशले उचित नीतिनियम बनाएर बालबालिकालाई डिजिटल वातावरण सुरक्षित भएको सुनिश्चित गर्नुपर्दछ ।**

## अनलाइनबाट हुने बालयौन दुर्व्यवहार र शोषणका स्वरुपहरू

**अनलाइन ग्रुमिङ्ग** : परिचित वा अपरिचित व्यक्तिले सामाजिक सञ्जालमा नजिक हुन बालबालिकाको प्रशंसा गर्ने, व्यक्तिगत कुरामा सहानूभुति राख्ने, उपहार दिएर प्रलोभनमा पारी फकाउँदै सम्बन्ध विस्तार गर्ने जस्ता कार्यहरू अनलाइन ग्रुमिङ्ग हो ।

**साइबर बुलिङ्ग** : सूचना र सञ्चार प्रविधिका उपकरणहरू प्रयोग गरि अर्को व्यक्तिलाई मन नपर्ने सन्देश, फोटो तथा भिडियो पठाउने, जिस्काउने, होच्याउने, हैरानी पार्ने कार्यहरू साइबर बुलिङ्ग हो । अनलाइनबाट कसैको बारेमा नकारात्मक र गलत सामग्री पठाउनु, पोष्ट गर्नु र सेयर गर्नु पनि बुलिङ्ग हो ।

**सेक्स्टिङ्ग** : सामाजिक सञ्जालबाट यौनजन्य सन्देशहरू, फोटोहरू र भिडियोहरू अरुलाई पठाउनु र आफुले प्राप्त गर्नु सेक्स्टिङ्ग हो । कुनै पनि व्यक्तिले बालबालिकालाई यौनजन्य क्रियाकलापमा उत्प्रेरित गरी सहभागी गराउन यस्ता सन्देशहरू पठाउने गर्दछन् ।

**सेक्स्टोर्सन** : सामाजिक सञ्जालमा आदानप्रदान गरिएका यौनजन्य सन्देश, फोटो र भिडियोहरू अरुलाई पठाइदिन्छु भनि धम्की दिनु सेक्स्टोर्सन हो । दुराचारीहरूले यस्ता सामग्रीहरू परिवार वा साथीलाई पठाईदिने र अनलाइनमा पोष्ट गरिदिने भनेर धम्की दिदै बालबालिकालाई यौनजन्य क्रियाकलापमा संलग्न हुन बाध्य गराउँदछन् ।

**फिसिङ्ग** : इमेल, सामाजिक सञ्जाल र वेबसाइटबाट महत्वपूर्ण सूचना, पासवर्ड, क्रेडिट कार्ड नम्बर लगायतका गोप्य सूचनाहरू पत्ता लगाई दुरुपयोग गर्नु फिसिङ्ग हो । ह्याकरहरूले बालबालिकाको प्रयोग गरी अरुलाई फसाउने र नोक्सानी गराउने गर्दछन् ।

**लाईभ स्ट्रिमिङ्ग** : अनलाइनमा आफ्ना गतिविधिहरू लाइभ रेकर्डिङ र प्रसारण गर्नु लाईभ स्ट्रिमिङ्ग हो । दुराचारीहरूले बालबालिकालाई प्रलोभनमा पारि आर्थिक लाभ देखाई सामाजिक सञ्जालमार्फत अश्लिल नाच र यौन कार्य प्रदर्शन गर्न लगाउने गर्दछन् ।

**अनलाइन गेम एडिक्सन** : अनलाइनमा लामो समय र अत्यधिकरुपमा खेल खेलिरहने बानी र व्यवहारलाई अनलाइन गेम एडिक्सन भनिन्छ । बालबालिकामा यसको लत बसेपछि वास्तविक दुनियाँ नै बिर्सिएर उनीहरू अध्ययन तथा अन्य कार्यहरू गर्नै नसक्ने हुन्छन् ।

# अनलाइन बालयौन दुर्व्यवहार सम्बन्धी तथ्यहरु

- आ.ब. २०८१/०८२ मा नेपाल प्रहरी केन्द्रीय साईबर व्यूरोबाट प्राप्त तथ्याङ्क अनुसार ७७२ जना बालबालिका (बालक ३५१ र बालिका ४२१) साइबर अपराधमा परेको भनी उजुरी दर्ता भएका थिए ।
- वि. सं २०८० मा भ्वाईस अफ चिल्ड्रेन र केएनएच जर्मनीले नेपालमा गरेको अध्ययन अनुसार ईन्टरनेट प्रयोगकर्ता बालिकाहरुमध्ये ३८.६ प्रतिशतलाई यौनजन्य कल र सन्देशहरु, ३४.१ प्रतिशतलाई अश्लील फोटाहरु, १३.७ प्रतिशतलाई अश्लील फोटो/लिङ्क/भिडियो/ईमेजहरु आएको, ६.८ प्रतिशतलाई केही थाहा नभएको तथा ६.८ प्रतिशतलाई अनलाइनबाट अन्य दुर्व्यवहार र शोषणमा परेको पाईएको छ । यसैगरी बालकहरुमध्ये ३२.३ प्रतिशतलाई यौनजन्य कल र सन्देशहरु, २९.२ प्रतिशतलाई अश्लील फोटाहरु, १५.४ प्रतिशतलाई अश्लील फोटो/लिङ्क/भिडियो/ईमेजहरु आएको, १६.९ प्रतिशतलाई केही थाहा नभएको तथा ६.२ प्रतिशतलाई अनलाइनबाट अन्य दुर्व्यवहार र शोषणमा परेको पाईएको छ ।
- सन् २०२० मा युनिसेफ र चाईल्डसेफनेटले गरेको अनलाइन सम्बन्धी अध्ययनमा सहभागी भएका बालबालिका मध्ये ४२% ले अनलाइनमा यौनजन्य सामग्रीहरू हेर्ने गरेको बताएका थिए ।
- सन् २०१७ मा भ्वाईस अफ चिल्ड्रेन र एक्प्याट लक्जम्बर्गले काठमाडौं उपत्यकाका ५ देखि १२ वर्ष उमेर समुहका ४५२ बालबालिकासँग गरिएको सर्वेक्षण अनुसार ७५% बालबालिकाले अनलाइनबाट हुने यौन दुर्व्यवहारबाट सुरक्षित हुने उपायहरूबारे थाहा नभएको बताएका थिए ।





# अनलाइनबाट दुर्व्यवहार र शोषणका असरहरू

अनलाइनबाट दुर्व्यवहार र शोषणमा परेका बालबालिकामा शारीरिक, मानसिक, व्यवहारिक लगायत विभिन्न असरहरू पर्दछन् । मुख्य असरहरू:





- बालबालिकाको अनुहार मलिन, थाकेको र निद्रा नपुगेको जस्तो देखिने,
- उदासीपन र खिन्नता महसुस,
- समुदाय तथा साथीसंगीहरूसँग पनि सम्बन्ध राख्न नरुचाउने,
- अरुसँग बोल्न, समूहमा बस्न र कुनै काममा सहभागी हुन नरुचाउने,
- अरुलाई विश्वास नगर्ने र सधैं शंकालु हिसाबले हेर्ने,
- पढाईमा ध्यान दिन नसक्ने र अन्य क्रियाकलापहरूमा पनि मन नलाग्ने,
- आफ्ना कुरा तथा भावनाहरू अरुलाई बताउन मन नलाग्ने,
- आत्म-विश्वासमा कमी, तर्सिने, झस्कने र एकोहोरो हुने,
- डर, तनाव, चिन्ता र चिडचिडाहट अवस्थामा देखिने र खाना अरुची हुने,
- अरु प्रति घृणा गर्ने र अरुले बोलेको वा भनेको कुरामा विश्वासै नगर्ने,
- अस्वभाविक व्यवहारहरू- रुने, कराउने र आफुलाई हानी हुने कार्य गर्ने,
- झर्कने, रिसाउने लगायत आक्रमक व्यवहारहरू देखाउने
- आँखा, पेट, टाउको, नशा लगायत स्वास्थ्यसम्बन्धी समस्या हुने,
- जीवनप्रति उदासीपन, खिन्नता र दिक्दारी महसुस गर्ने,
- आफुलाई नै दोषी ठान्ने र हिनता बोध गर्ने,
- जीवनप्रति नैराश्यता भई आत्महत्याको समेत प्रयास गर्ने ।



# सामाजिक सञ्जालबाट हुने बालयौन दुर्व्यवहार र शोषणबाट सुरक्षित रहने उपायहरु

- आफ्नो फेसबुक वा अन्य सामाजिक सञ्जालको पासवर्ड राख्दा अक्षर, संकेत र अंक मिलाएर राख्ने ।
- आफ्नो फेसबुक वा अन्य सामाजिक सञ्जालको पासवर्ड र पिनकोर्ड कसैलाई पनि नदिने ।
- सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत विवरण नराख्ने ।
- आफ्नो सामाजिक सञ्जालमा Privacy Setting मिलाउने ।
- चिनजानका व्यक्तिहरूलाई मात्र सामाजिक सञ्जालमा साथी बनाउने ।
- थाहा नभएको, अपरिचित व्यक्तिहरूले पठाएको शंकास्पद वेबसाईटहरू नखोल्ने ।
- कसैको दबाब, प्रलोभन र डरमा सामाजिक सञ्जालमा फोटो र भिडियो नराख्ने र यौनजन्य क्रियाकलापमा संलग्न नहुने ।
- अनलाइनमा चिनेको भरमा कसैलाई पनि भेट्न नजाने ।
- बालबालिकाले सामाजिक सञ्जालमा गरेका क्रियाकलापहरूमा निगरानी राख्ने र सामाजिक सञ्जाल चलाउँदा आईपरेका समस्याहरू खुलेर भन्न अभिप्रेरित गर्ने ।

# अनलाइन यौन दुर्व्यवहारविरूद्धका केही ऐन तथा कानुनहरू

## विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ अनुसार,

(१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

## मुलुकी अपराध संहिता २०७४ को दफा ३०० अनुसार,

कसैलाई डर त्रास वा दु:ख हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतिय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गराउनेलाई एक बर्ष कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## सूचना प्रविधि ऐन २०७४ को दफा ७५ अनुसार,

विद्युतिय माध्यममा बालयौन दुराचारसम्बन्धी सामग्री संकलन, सञ्चय, प्रकाशन तथा प्रसारण गरेको पाईएमा कसुरको आधार (जहाँ तीनवटा उप-दफामा व्याख्या गरिएको छ) मा अधिकतम ३ देखि ५ लाखसम्म जरिवाना र १ बर्षसम्म जेल सजाय हुन सक्नेछ ।

## बालबालिका ऐन, २०७५, को परिच्छेद-८, दफा ६६ (३) अनुसार,

अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने गरेमा पचहत्तर हजार रूपैयाँ सम्म जरिवाना र तीन वर्षसम्म कैद हुने ।





**अनलाइन बालयौन दुर्व्यवहारविरुद्ध सचेतना फैलाई रोकथाम गर्नु हामी सबैको जिम्मेवारी हो । त्यसैले यस सम्बन्धी थप जानकारी र क्षमता विकासका लागि भ्वाईस अफ चिल्ड्रेनद्वारा तयार पारिएको**

## e-Learning साथी Online Course

**https://elearning.voiceofchildren.org.np/**

**मा क्लिक गरी e-Learning तालिममा सहभागी बनौं ।**






**बालबालिकाको तत्काल, उद्धार, राहत र मनोविमर्श सेवाका लागि**

**बाल हेल्पलाईन नम्बर १०९८ (नि:शुल्क फोन)**

थप जानकारीका लागि

## भ्वाईस अफ चिल्ड्रेन

केन्द्रीय कार्यालय, ललितपुर महानगरपालिका -१७, ग्वार्को ललितपुर
फोन नं. ०१-५४४६३९०, ५४४८०१८, ५४२९९४९
ई-मेल: info@voiceofchildren.org.np, वेबसाईट: www.voiceofchildren.org.np
प्रदेश कार्यालय : ईटहरी उप-महानगरपालिका-५, सुनसरी, कोशी प्रदेश
फोन नं. ०२५-५८४८०२, ५८५०८९
पोखरा महानगरपालिका-८, नागढुंगा, कास्की, गण्डकी प्रदेश